**फिक्कल** गाउँपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
खाङ्साङ्, सिन्धुली
बागमती प्रदेश, नेपाल

# व्याकहो लोडर भाडामा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :-२०८३/०४/२६**

फिक्कल गाँउपालिकाको लागि चालु आ. व. ०८३।०८४ मा विनियोजन भएको सबै वडाको सडक सरसफाई कार्यक्रमका लागि व्याकहो लोडर भाडामा लिई वडास्तरमा संचालन गर्नु पर्ने भएको हुँदा आवश्यक समयका लागि भाडामा लिई चलाउने प्रयोजनको लागि प्रस्ताव आव्हान गरिएको छ। आफ्नो व्याकहो लोडर प्रति घण्टा (चालक, इन्धन र मर्मत समेत) भ्याट सहित रु. ३,५००/- (अक्षरेपी तीन हजार पाँच सय रुपैयाँ मात्र) नबढ्ने गरी घटाघटमा उपलब्ध गराउन इच्छुक ब्यक्ती तथा फर्महरुले यस कार्यालयमा ७ (सात) दिन भित्र निवेदन भरी देहायका कागजात सहित सिलबन्दी निवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरीएको छ।

**संलग्न हुनु पर्ने कागजातहरु**

१. सवारी धनी वा फर्मको कागजपत्रहरु
२. सवारीको तेश्रो पक्ष विमा/नवीकरण
३. गाँउपालिकाले उपलब्ध गराएको निवेदन
४. प्रत्येक वडाका लागी फरक फरक वा एकमुष्ट निवेदन दिनेको निवेदन ।
५. गाउँपालिकामा अनिवार्य सूचिकृत भएको सवारीसाधन वा फर्मको कागजपत्र हुनुपर्नेछ।

**नोट :- निवेदनको ढाँचा गाउँपालिकाको वेबसाइटमा रहेको छ, थप जानकारीको लागि पूर्वाधार शाखाको मोबाइल नम्बर ९८४९६१९९८६ वा इन्जिनियर इश्वर खड्का/ प्रिय रंजन झालाई सम्पर्क गर्न सकिनेछ।**

२०८३।४।२६

**प्रमुख प्रशासकीय अधिकृत**
डम्बर बहादुर थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

फिक्कल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाङसाङ,सिन्धुली
बागमती प्रदेश नेपाल
२०७२

मिति :- २०८३/ /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
फिक्कल गाँउपालिका, खाङसाङ, सिन्धुली ।

विषयः- प्रस्ताव पेश गरिएको बारे ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०८३।०४।२६ गते प्रकाशित सूचना बमोजिम फिक्कल गाउँपातिका अन्तर्गतका वडा कार्यालयहरुका सडकहरुको सरसफाई गर्नको लागि व्याकहो लोडर भाडामा लिनको लागि प्रस्ताव माग भए बमोजिम तपसिल बमोजिम प्रस्ताव पेश गरेको छु ।

बाटो मर्मत गर्न आशय पेश गरिएको वडा नः [ ] (प्रत्येक वडाको लागि छुट्टाछुट्टै फाराम भर्नुपर्नेछ)

बाटो मर्मतको लागि प्रस्ताव गरिएको व्याकहो लोडरको प्रतिघण्टा रेट अंकमा : [ ]

बाटो मर्मतको लागि प्रस्ताव गरिएको व्याकहो लोडरको प्रतिघण्टा रेट अक्षरमा : [ ]

सवारी धनी /कम्पनीको नाम :-

सवारी धनी/ कम्पनीको ठेगाना :-

कम्पनीको प्यान / भ्याट दर्ता न :-

.......................
प्रोपाईटर सही

**मार्तहरू**

१. माग भएको समयमा व्याकहो लोडर उपलब्ध गराउनु पर्नेछ ।
२. दररेट वर्ष भरी परिवर्तन हुने छैन ।
३. व्याकहो लोडर उपलब्ध गराउँदा प्रतिघण्टाको आधारमा उपलब्ध गराउनु पर्नेछ ।
४. व्याकहो लोडरको मु. अ. कर बिल हुनुपर्नेछ । अन्यथा भाडा रकममा १५ प्रतिशत कर लाग्नेछ ।
५. ब्याकहो लोडरको भाडा बैंक मार्फत मात्र भुक्तानी हुनेछ ।
६. व्याकहो लोडरको मर्मत लगायत अपरेटर, हेल्फर र खानाको व्यवस्था सवारी साधन/यन्त्र धनीले व्यहोर्नु पर्नेछ ।
७. सम्बन्धित वडाको वडाअध्यक्ष र प्राविधिकको सुपरिवेक्षण र निर्देशन बमोजिम काम गर्नु पर्नेछ ।
८. प्राविधिकबाट प्राविधिक प्रतिवेदन तथा वडा कार्यालयबाट सिफारि भएपश्चात मात्र भुक्तानी दिईनेछ ।
१. काम शुरू हुँदाका बखतको घण्टा र अन्य भएको घण्टा प्राविधिकबाट पुष्टाई हुनुपर्नेछ ।

माथि उल्लेखित शर्तहरू मन्जुर भई प्रस्ताव पेश गरेको छु भनी निवेदन पेश गर्ने ब्याकहो लोडर कम्पनीको तर्फबाट हस्ताक्षर गर्नेको :

नाम :-

पद :-

हस्ताक्षर :-

कम्पनीको छाप :-